**SOTANG : सोताङ**
[Yearly Peer Reviewed Journal]
ISSN: 2676-1440
Year 4, Volume 4, Issue 1, June 2023
Published by Sotang Public Campus

# संवादशील दक्षतामा लैङ्गिक भिन्नता

**रीता पन्थ**

**ग्राजुएट स्कुल अफ एजुकेसन, त्रि.वि.**

*Article History : Submitted 16 June 2022; Reviewed 13 July 2022; Accepted 25 Aug. 2022*
*Author : Rita Pantha Email: panth73rita@gmail.com*
*DOI:*

**लेखसार**

प्रस्तुत लेखमा संवादशील दक्षतामा लैङ्गिक भिन्नता विषयमा महिला र पुरुषका बीच हुने विभिन्न खालको भाषिक अन्तरमा केन्द्रित रहेको छ । भाषा विज्ञान अन्तर्गत पर्ने संवादशील दक्षताको आधारमा विश्लेषण गरिएको छ । समाजमा महिला सहभागिता कम र पुरुषको बढी हुने गर्दछ । यसबाट समाज विज्ञानमा महिलाहरूलाई पुरुषहरूले विभिन्न अधिकारबाट बञ्चित गरि भाषिक क्षमतामा समेत ह्रास ल्याइदिएका तथ्यहरू प्रस्तुत लेखमा उल्लेख गरिएको छ । पुरूष सहभागी क्षेत्रमा महिलाहरूलाई स्थान नै ज्यादै न्यूनरूपमा गराइ उनीहरूको भाषालाई तात्विक महत्त्व नदिइ सामान्य रूपमा लिइएको जुनसुकै पूर्वीय या पश्चिमी सभ्यतामा पाइएको छ । लिइँदैन कारण महिलाको उचित स्थान सामाजिक भेला, गोष्ठि या सम्मेलनमा दिने गरिँदैन । पुरुष ठीक कामका लागि आफ्नो बोली प्रयोग गर्दछन् र महिला अनावश्यक हल्लाखल्ला शैलीको गफ गर्दछन् भन्ने भनाइ सबैप्रकारको समाजशास्त्रमा उल्लेख भएको छ । संवादशील दक्षताको सन्दर्भमा महिला या पुरुष सँगै राखेर बोलने क्रियाकलापमा पुरुषले आफ्नो बोलाइमा हेजिङ शब्दको कम प्रयोग गरिरहेका हुन्छन् भने महिलाले भने अत्यधिक मात्रामा प्रयोग गरेर बोल्ने गर्दछन् । किनकी उनीहरूको बोल्ने, सोच्ने कलामा अनिश्चितता बढी हुने गर्दछ । महिला महिलाबिचमा हुने संवादमा भने उनीहरू शक्तिशाली भाषा र निर्देशनात्मक शैलीका अभ्यास गरिरहेका हुन्छन् भने पुरुषसित बोल्दा नरम र शालीनता प्रकट गरेर बोलीरहेका हुन्छन् ।

कुनै समाजमा पुरुषले प्राय निषिद्ध शब्दहरूको प्रयोग प्रत्येक क्षण क्षणमा बोलिरहेको पाइन्छ जस्तो पश्चिमा समाजमा गे, लेसवियन, सेक्सुअल शब्दको प्रयोग गरेका हुन्छन् भने नेपालीमा पनि पुरुष पुरुषबिचमा निषिद्ध शब्दको प्रयोग सम उमेरका व्यक्ति व्यक्ति बीचमा सहज तरिकाले भैरहेको पाइन्छ ।

पुरुषहरू कसम खाने शब्द शब्दावलीको प्रचुरमात्रामा शब्द छानेर बोल्ने गर्दछन् भने महिलाहरू नरम र हेजिङ वाक्याँशको प्रयोग अत्यधिक बोलिरहेका हुन्छन् । लैङ्गिक भाषाको अन्तर दैनिक क्रियाकलापमा महिला र पुरुषको बीचमा लैङ्गिकता अनुसार हुने गर्दछ । उक्त संवादशील क्षमताको पहिचान गरि लङैंगिकतामा के कस्तो अन्तर परेको हुन्छ भन्नेकेन्द्रिय प्रश्नको पहिचान गरी विभिन्न सङ्कथनको प्रयोगशैली र शब्द शब्दाँशको उल्लेख गरि संवादशील दक्षताको प्रस्तुति यस अध्ययनमा गरिएको छ ।

**शब्दकुञ्जी :** हेजिङ, निषिद्ध, खप्टाइ, अवरोध, रूकावटी, पूरकीय इत्यादि

## परिचय

भाषिक अन्तरको साधारण परिचय दिँदा पुरुष, महिलामा हुने संवादका बीचमा हुने वार्तालापको नियम, शब्दावली र उच्चारण कार्यमा हुने आभारभूत अन्तर हो । भाषाविज्ञानको सबैभन्दा उच्चत्तम ईकाईको संरचना जसलाई वाक्य भनिन्छ र त्यसको प्रयोग समाजविज्ञानमा कस्तो प्रभाव परेको हुन्छ भन्ने कुराको अध्ययन नै भाषिक अन्तर हो । समाज विज्ञानको सर्वोत्तम ज्ञान नै समाजमा भएका महिला पुरुषका बीचको वार्तालापको वाक्य संरचना र ध्वनिका बीचको अध्ययन प्रमुख हो । समाज विज्ञको दृष्टिमा समाजमा छरिएका विविध भाषिक तत्वका बीचमा रहेको अन्तरसम्बन्धमात्र यसको विषय अन्तर्गत पर्दछ भन्ने मान्यता रहेतापनि यसको खास अर्थ भने छैन् किनकी उनीहरू समाज विज्ञानको व्याकरणीय संरचनालाई ने प्रमुखताका साथ लिने गरेको पाइन्छ । वाक्य संरचना नै प्रमुख समाज विज्ञको क्षेत्र हो भन्ने कुराले भाषिक अर्थलाई नै जनाउने प्रावधान उनीहरू राख्दछन् । बढ्दो प्रविधि तथा चेतनाको स्तरले गर्दा मानिसहरूमा केवल व्याकरण र ध्वनीशास्त्र मात्र भाषा हो भन्ने कुराको हेक्का नराखी सामाजिक अन्तरसंवाद र प्रायोगिक विज्ञान पनि यसभित्रका अवयव हुन भन्ने कुरामा अधिकांश मानिसहरूलाई थाह भैसकेको छ । नृवंशविज्ञान र वाक्क्रिया विज्ञानको अध्ययनले गर्दा यस विषयमा व्यापक फराकिलो दायरा वृद्धि भएको छ । यसैको व्यापक अर्थमा नै साञ्चारिक सामर्थ्य (Communicative Competence) नामले जानिन्छ (डेल हाइम्स, १९९७२) ।

भाषिक वर्णनका लागि सामाजिक तथा सांस्कृतिक तत्व समावेश गरिनु नै साञ्चारिक सामर्थ्यको मुख्य कारक विषय हो भन्ने तर्कले हाइम्सको अध्ययनलाई अद्यावधिक मानिन्छ र यस तर्कमा उहाँको जोड पनि रहेको पाइन्छ । चोम्स्कीको सिद्धान्त अनुसार बच्चाको आन्तरिकरण नियम समूहभन्दा यो सामर्थ्य कुनै हालतमा पनि फरक हुने छैन् । जसका कारणले गर्दा बच्चाको भाषिक व्याकरण वृद्धि हुनुको साथै भाषामा सार्थकता हुने गर्दछ भन्ने कुरा उनले बताएका छन् । सांसारिक जगतमा भाषिक पारङ्गत मात्र भएर बच्चालाई नपुग्दो रहेछ ; तर पनि उनीहरूका लागि कुन बेला के बोल्ने, कुन बेला चुप रहने, के विषयमा कुरा गर्ने, र सबैभन्दा ठूलो कुरा के प्रसङ्गमा के कुरा गर्ने भन्ने कुरा नै महत्त्वपूर्ण र अति सान्दर्भिक लाग्छ । नेपाली भाषाको सन्दर्भमा नेपाली आमाबाले बच्चालाई सानैदेखि को मान्छे आउँदा बस्दा कुन सम्बन्ध प्रयोग गरेर बोल्ने भन्ने कुरा सिकाइन्छ र त्यसमा कुन संरचना प्रयोग गर्ने भन्ने कुरालाई ख्याल गरिएको हुन्छ । उदाहरणका लागि 'मामालाई दर्शन गर, सञ्चै हुनुहुन्छ भन' जस्ता व्यवहारिक शब्दावली प्रयोग गर्न सिकाइन्छ । यसले गर्दा बच्चाको मानसपटलमा त्यसप्रकारको व्याकरणको छाप परिरहेको हुन्छ ।

भाषिक सामर्थ्य अनौपचारिक भाषिक प्रसारणमा लागू हुँदैन तर पनि भाषा सञ्चारमा प्रयोग गरिने शब्द, शब्दावली प्राय साथी साथी बोल्दा अपशब्द बोल्ने पनि गरिन्छ । कसैले केही कुरा बोल्दा ऊ सँगै अर्को पनि बोल्दा को के बोलेको छ भन्ने कुराको हेक्का रहँदैन एकोहोरो दुवै पक्षबाट रटान भरिरहँदा र कसैले व्यङ्ग्य गर्दा पनि नहाँस्ने क्रियाकलापले गर्दा मानिसमा भाषिक सामर्थ्यको विकासै हुँदैन् । यसो भनिरहँदा व्यक्तिमा अप्रत्यक्षरूपमा भाषिक सामर्थ्यको विकास भने भइनै रहेको हुन्छ । कुनै पनि समाजमा यसको परिवेशले गर्दा भाषिक क्षमताको विकास अपरिहार्य रूपमा भैरहेको हुन्छ । यसमा खासगरि भाषिक संरचनाको कुरा गर्दा महिला पुरुषमा के कस्तो भाषिक अन्तर हुन्छ भन्ने कुरा पारिवारिक पृष्ठभूमिले नै मुख्य भूमिका खेलेको हुन्छ ।

पुरुषमा अलिक हैकमवादको विकास गराउन बाबुले र पुरुषवर्गले भूमिका खेलेको हुन्छ भने महिलामा भने आमा र स्त्रीहरूले नै प्रधानता खेलेका हुन्छन् । पारिवारिक पृष्ठभूमिबाट नै भाषिक अन्तर हुने गर्दछ । समकालीन समाज पनि यसको दोषी भागी हुन्छ किनकी भाषिक अन्तरक्रिया त्यही समाजको संरचनाभित्र नै हुने गर्दछ । तँ, तिमी, तपाई, हजुर भन्ने आधारभूत शब्द कसरी कहाँ प्रयोग गर्ने भन्ने कुरा त्यही समाजले सिर्जना गरेको वातावरण नै प्रमुख अस्तित्वमा आउँछ । त्यही सामाजिक परिवेशको बनावटअनुसार व्यक्तिको भाषिक अन्तर विकास भएर पछि सम्म जीवनमा आउने गर्दछ । अझ विद्यालय पनि यसको साझेदारी बन्न पुग्छ । किनकी शिक्षक शिक्षिका नै लैङ्गिक भाषिक अन्तरमा दिनहुँ अन्तरसंवादको अभ्यास गराइरहेका हुन्छन् जुन हाम्रा प्राथमिक विद्यालयबाटै पहिलो चरणको शिक्षा बालबालिकालाई दिलाइरहेका हुन्छन् ।

विद्यालय पठनपाठन क्रियाकलापको अभ्यास गराउँदा घरेलु कामका लागि सीता, गीता बन्ने र डाक्टर, वकिल, न्यायधिश राम, श्याम बन्ने भनेर अन्तरसंवाद विद्यालयबाटै सिकाइन्छ सोही अनुरूप बालबालिकामा पनि लैङ्गिक भेदभावको विकास भइरहेको हुन्छ । सोही अनुरूपको आधारमा पुरुष र महिलाको भाषाको विकासमा भाषिक अन्तरको जन्म भएको कुरा नेपालको सन्दर्भमा विद्यालय नै प्रमुख कार्यकारी भूमिकामा रहेका हुन्छन् ।

## समस्याकथनः अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनले समाजमा महिलामाथि पुरुष बाहुल्यता रहेको अवस्थामा प्रयोग गरिने विभिन्न भाषिक शब्दावली र त्यसको प्रयोगले उनीहरूमा पुऱ्याएको भाषिक अन्तरले वास्तविक जीवनमा पार्ने असरलाई मध्येनजर राख्दै निम्नबमोजिमको समस्यालाई मुख्य समस्याको रूपमा लिइएको छ ;

१) नेपाली समाजको सामाजिक पृष्ठभूमिमा महिला पुरुषको भाषिक क्षमता कसरी विकास भएको छ ?

२) लैङ्गिक संवाद शैलीमा व्यवहारतः के कस्ता शब्दले महिला पुरुषलाई सम्बोधन गरिएका हुन्छन् ?

माथि उल्लेख गरिएका समस्याको समाधानका लागि महिला पुरुषको भाषिक क्षमता र दुवैका बीचमा हुने संवाद शैलीको अध्ययन गरि विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखमा महिला पुरुषबिच संवादशील क्षमता अभिवृद्धि विकासको अध्ययनलाई पुस्तकालयीय पद्धतिद्धारा तयार पारिएको छ । लेखलाई प्राज्ञिक स्वरूप बनाउनका लागि विभिन्न पुस्तक, पत्रपत्रिका, जर्नल आदिको प्रकाशित स्रोतसामग्रीलाई स्रोतका रूपमा उपयोग गरिएको छ । वर्णनात्मक तथा विश्लेषणात्मक अध्ययनविधिलाई प्रयोग गरि गुणात्मक ढाँचामा लेख तयार पारिएको छ ।

## सैद्धान्तिक पर्याधार

शेली डी लेन ( सन् २०१० ) द्वारा लिखित पुस्तक *"इन्टरपर्सनल कम्युनिकेशनस् कम्पिटेन्स एन्ड कन्टेक्सृट"* विभिन्न पारस्परिक वार्तालापका दृष्टिले एकदमै सान्दर्भिक र वस्तुगत परिप्रेक्ष्यमा उत्तम पुस्तकका रूपमा लिइएको छ । यस पुस्तकमा विभिन्न खण्डमा विभाजित गरि आधारभूत वार्तादेखि लिएर अनुभूति र आमसञ्चार, स्वविचार, भावना र सञ्चार, मौखिक सञ्चार, लिखित सञ्चार, वार्ता र सञ्चारिक शैली, सुन्ने र जवाफ फर्काउने सञ्चार, संचारको पुष्टि गर्ने सिमा निर्धारण गर्ने, पारस्परिक सम्बन्ध, पारस्परिक द्वन्द्व जस्ता विषयमा आरेख तयार गरि ११ खण्डमा विभाजन गरिएको छ । खण्ड एकको पृष्ठ १५मा लैङ्गिक सन्दर्भमा महत्त्वपूर्ण सामग्री प्रकाशन गरिएको छ । जसमा पुरुषको विकास हुनु भनेको सिकाइ र पुरुषको भूमिकामा आक्रमक, यौनमा सक्रिय, आत्मविश्वासी, भावात्मक रूपमा संरक्षित हुनु या देखिनु हो ।

लुडमिला ए.ए र अन्यद्वारा लिखित ***"जेन्डर कम्पिटिशन इन मोर्डन टिचर"*** अन्तराष्ट्रिय जर्नलमा प्रकाशित लेखमा विद्यालयका शिक्षक शिक्षिकाहरूलाई लैङ्गिकताको भाषिक दक्षाता अभिवृद्धि गर्न तालिमको आवश्यकता पर्दछ जसले गर्दा विद्यार्थीहरूको माझमा व्यावसायिक भाषाको पेशागत क्षमताको विकास हुन्छ भनेर आँकलन रसियामा गर्नुभएको छ । यसले खासगरि उनीहरूको लैङ्गिक पहुँचमा सामान्य विचारको, लैङ्गिक सामाजिकीकरणको महत्त्वको सफलतामाथिको पहुँच, उद्देश्य, आत्मबोध र विद्यार्थीको आत्मपरिचयमाथि केन्द्रित गर्दछ । अझ निचोडमा भन्नु पर्दा यसप्रकारको अध्ययनले आधुनिक समयका विद्यार्थी र शिक्षकहरू प्रति लैङ्गिकता मुद्दासँग मेलखाने गरि मूलधारमा समाहित हुनका लागि महत्त्वपूर्ण शिक्षा प्रदान गर्दछ ।

एलिजावेथ इरिना ग्वारे ( २०१५ स्प्रिङ )को शोधप्रवन्ध *"टकिङ अर टाइपिङ⁄ जेन्डर डिफरेन्सेस इन कम्युनिकेशन प्याटर्नस् अफ फेस टु फेस भर्सेज अनलाइन क्लासेस"* मा आजको आवश्यकता भनेको अन लाइन कक्षा हो । आजको अनलाइन कक्षाको अध्ययन अनुसन्धान भएता पनि त्यसता क्लासमा लैङ्गिक छलफल, अन्तरक्रिया जस्ता लैङ्गिक समानताको कुरा कमै गरिन्छन् । अन्तरक्रियाको क्रममा शिक्षकले विद्यार्थीहरूलाई हात उठाउन लगाएर प्रश्नहरू सोध्न सक्छन् र भन्ने गर्छन् कि केटा हो, केटी हो, त्यो आईमाई, त्यो मान्छे इत्यादि भनी स्वघोषित् नर्मसका आधारमा भाषिक लैङ्गिकताको अन्तर प्रदर्शन गरिरहेका हुन्छन् । यसप्रकारको भाषिक अन्तरले विद्यार्थीको माझमा एकप्रकारको लैङ्गिकता प्रति ध्यान

आकर्षण भैरहको हुन्छन् नकि उनीहरू व्यक्तित्व, वुद्धिमत्ता, या कसैको व्यक्तिगत कलातर्फ ध्यान दिऊन् ( विग्लर, २००५) पुरुषले आफनो संवादशीलता ऊ आफैको इज्जत मानसम्मानको कुरामा बढी जोड दिन्छन् भने महिला आफनो संवाद मानवीय सम्बन्धको स्थापना गर्नमा केन्द्रित गर्दछन् ( तानेन, १९९०) । विभिन्न सामाजिक तथा सञ्चारको सिद्धान्तका आधारमा प्रस्तुत शोधलाई प्रस्तुत गरिएको छ ।

प्रो फस (२०१४)मा प्रस्तुत लेख वन्ध *"जेन्डर डिफरेन्सस् इन कम्युनिकेशन मासकुलिन एन्ड फेमिनिन स्पिच प्याटर्नस्"* मा लैङ्गिक वातचित भनेको केहो ? कार्यक्षेत्रमा वार्ता, अध्ययनको विधि, र विभिन्न विज्ञहरूको भनाइ आदिलाई समेटि संवादको लैङ्गिक भिन्नताका बारेमा के कस्ता अभ्यास भैइरहेका छन् संसारभरि भनी व्याख्या गरिएको छ । Feminine speech is "not restricted to women but are associated with persons of low social power regardless of gender" (Geddes, 1992, p. 592-593).

संवादशीलताको क्षमताको अध्ययन गर्दा भाषा विज्ञानको फन्को लाउनु पर्ने हुन्छ । Communicative competence is the ability to achieve communicative goals in a socially appropriate manner. It is organized and goal-oriented, i.e. it includes the ability to select and apply skills that are appropriate and effective in the respective context ( Claudia Keisling and Golz Fabry,2001). यो भाषाविज्ञानसँग सम्बन्धित छ । भाषिक क्षमता वृद्धि गर्नका लागि मानव जातिको संज्ञानको विकास अपरिहार्य हुन्छ । जति अनुभव बटुल्यो त्यति भाषाका शब्दहरूको उजागर हुन सक्छ । जति अन्तरक्रिया गऱ्यो उति शब्दावलीको ज्ञान बढ्न जान्छ । वर्तमान परिप्रेक्ष्यमा आर्थिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक, लैङ्गिक आदिको कारणबाट भाषिक अन्तर आउने गर्दछ र सामाजिक परिवेशको कारणबाट भाषाको अन्तर लैङ्गिकता माथि परिरहेको हुन्छ ।

हैकमवादी समुदाय वा वर्ग र त्यससँग सम्बन्धित अधीन, पराधीन शासक वर्गले लैङ्गिक भाष्य निर्माण गरिरेहका हुन्छन् जसका कारणले महिलामाथि प्रयोग गरिने भाषा पुरुषवर्गभन्दा भिन्न प्रकारको हुने गर्दछ । फेरि पुरुष पुरुषका बीचमा पनि भाषा फरक हुन सक्छ जस्तो कारखानामा काम गर्ने मजदुरमाथि यस्ताखालका दुर्वाच्यको बढी प्रयोग भैरहेको हुन्छ । ग्राम्सी (श्रेष्ठ, २०७६, पृ.६१) का अनुसार सिमान्तकृत वर्ग जहिले पनि शक्तिशाली वर्गका अगाडि अधीनस्थ र पराधीन मनस्थितिमा बाँचीरहेको हुन्छन् , तापनि आमुल परिवर्तनकारी क्रान्तिका पक्षधर तिनै वर्गलाई मानिएका हुन्छन् ।

पेन्नीलोप इक्कर्ट र साली म्याक्कोनेल गीनेट (२००३) को पुस्तक *"ल्याङ्वेज एन्ड जेन्डर "*मा लिङ्ग र स्रोत जुन भाषिक प्रथाले प्रदान गर्ने सामाजिक अर्थलाई छलफल गर्दछ । यसले भाषा र सामाजिक जीवनका बीच गहिरो र अद्वितीय उच्चारणको भङ्कारदेखि संवादपरक गतिशिलतासम्मको विषयलाई उजागर गरेको छ । अझ त्यसभित्र पनि लेखकद्वय त भाषाका विज्ञ नै हुनुहुन्छ जसको विज्ञता यस पुस्तकका हरेक पानाहरूमा झल्कन्छन् । "विसौं शताब्दीका महिलाहरूले अमेरिकामा अझै पुरूषभन्दा एकतिहाइ पारिश्रमिक पाउछन भने सामाजिक क्षेत्रमा पनि पुरुषभन्दा महिलाले समानुपातिक राजनीतिक शक्ति पाएका छन्" (पृ.१५९) मेरी क्रफोर्डले उल्लेख गरेकी छन् । महिलाले जस्तै बोल्छ भन्ने उक्तिले पनि महिलामाथि

भाषिक अन्तर रहेको उल्लेख गरिएको छ । विषय र विचारको बारेमा पनि महिलाको भिन्नता यस पुस्तकमा उल्लेख गरिएको छ । अझ ल्याकोफले सन् ७० को दशकमा आइमाईको भाषा र लैङ्गिकताको अवस्थाका बारेमा विस्तृतमा लेख तयार पारेका छन् ।

माथि उल्लिखित पुस्तक, लेख, शोधप्रबन्ध आदिको अध्ययनबाट संवादशील दक्षतामा लैङ्गिक भिन्नताको दृष्टिकोणबाट सङ्कथनीय शब्द शब्दावली र वाक्यको छनोट गरि तिनको प्रयोगको अनुसन्धान गरि गुणात्मक विधिबाट प्रस्तुत लेखको विश्लेषण गरिएको छ ।


## संवादशील क्षमता अभिवृद्धिमा लैङ्गिकताको भाषिक अन्तर विश्लेषण

महिला वक्ताले जे ठीक लाग्छ त्यही भाषाको प्रयोग अत्यधिक गरिरहेका हुन्छन् । आफूलाई दोस्रो श्रेणीको नै ठानिरहेकाले पुरुषभन्दा हामी तलका नै हौं भन्ने आभास उनीहरूमा दैनिक भइरहेको हुन्छ यसका पछाडि पारिवारिक पृष्ठभुमि नै मुख्य ठहर्छ । महिलाहरू आफूलाई किन दोस्रो दर्जाको ठान्दछन् भन्ने कुरा जनविश्वासमा आधारित रहेको हुन्छ । लोकविश्वासको कारण र समाजमा बोलिने, गरिने क्रियाकलापबाट नै महिला भाषाको विकासमा समस्या आइपर्छ ।

हामी नेपालीहरूको गाउँघरको समाजमा कहिलेकाहीँ झैझगडा हुन्छ र महिला अगाडि सारिन्छ र वादविवादमा महिला धेरै नै बोल्ने गर्दछन् ; पुरुषको तुलनामा । ङ्याङ् ,ङ्याङ् गर्छन यी महिलाहरू भनेर भन्ने पनि गरिन्छ । पुरुषहरूले कुनै पनि घरायसी, साथीभाई, लेनदेन र विविध क्रियाकलापमा सहभागी जनाउँदा " कसम" खाने चलन छ । यसमा महिला खाँदैनन् । पुरुष भन्दा महिला नरम र मीठो बचनका धनी हुन्छन् । यसो हुनुका पछाडि सांस्कृतिक प्रभाव नै प्रमुख ठहर्छ । रूढिवादी परम्परा र त्यसको अनुनय, विनयका कारणले गर्दा पनि महिलाहरू पुरुषको बोलीमा नरमता अपनाउने गर्दछन् भने अलिक साह्रो, कडा बोल्ने हो भने त्यसमा पुरुषजातिले महिलालाई उत्ताउली, नखरमाउली जस्ता उपनामले पुकारेका दृष्टान्त हाम्रो समाजमा प्रशस्त पाइन्छन् । यसलाई पनि एउटा भाषिक व्यवधानका रूपमा लिन सकिन्छ ।

त्यसैले जतिसुकै तार्किक र नियमसंगत कुरा, वादविवाद गरेतापनि महिलाको कुरालाई शक्तिहिन भाषाको रूपमा लिइएको पाइन्छ । महिला भाषालाई किन शक्तिहिन भाषाको रूपमा लिइन्छ भन्ने कुरा व्यक्तिको सामाजिक स्तरमा हुने वार्तालापको विश्लेषण गरी जाँच गर्न सकिन्छ । महिला पुरुषबिचका अन्तरक्रियात्मक भाषिक परिक्षणबाट यस सम्बन्धमा विस्तृत आँकलन गर्न सकिन्छ ।

स्याकसको मोडेल (१९७४) अनुसार पालो पर्खनुको प्राकृतिक भाषिक वार्ताको विश्लेषण गर्न सकिन्छ ।




*चित्र नं. १ वार्तालाप क्रियाकलापमा पालो लिनेको फ्लो चार्ट ( सिमरम्यान एन्ड वेस्ट, १९७५: १०)*

माथि उल्लेख भएको मोडेलको बारेमा सिमरम्यान र वेस्टले अमेरिकाको क्यालिफोर्नियामा एउटा कफि पसलमा, औषधी पसलमा, र क्याम्पसका विभिन्न पुरुष, महिलाहरूको बीचमा वार्ता लिएर पालो लिने विषयमा अनुसन्धान गर्दाको निष्कर्ष हो । कसरी वक्ताले पालो लिने क्रिया सम्पन्न गर्छन् भन्ने कुरालाई प्रस्तुत चित्रले प्रतिनिधित्व गर्दछ । सहभागीहरूले वाक्य संरचना र अर्थ विज्ञानको सुरागलाई प्रयोग गरेर पालो कसरी लिन्छन् भन्ने कुरालाई यस विश्लेषणले परिपूर्ति गर्दछ । एउटा वक्ताले बोलिरहेको कुरा अर्को वब्ताले कसरी पुरा गर्दछ भन्ने कुरालाई पालो लिने क्रिया भनिन्छ । उदाहरणका लागि

क. हामीले त्यस प्रश्नलाई मिलाउन

ख. अ.............गाइड बुक हेनु पर्छ ।

यहाँ अ, अम् उस जस्ता रूकावटी शब्दको परिपूर्ति नगरी प्रतिक्रिया आउँदैन । यो श्रवणकको सकारात्मक संकेत देखाउन वक्ता प्रति ध्यान खिच्न प्रयोग गर्ने एउटा सरल तरिका हो । कोही पनि उही लिङ्गका समान दर्जाका पुरुष या महिलाहरू निरन्तर बोल्न सक्दैनन् त्यसैले त्यसलाई परिपूर्ति गर्न अर्को लिङ्गको आवश्यकता पर्दछ । उनले यस क्रियाकलापका लागि अर्थात् अनियमिततालाई पुरा गर्न दुई शब्दको प्रयोग गरेका छन् - खप्टाइ ( Overlap) र अवरोध( Interruption)। पहिलो वक्ताको कुरा विचैमा थपेर या खप्टेर दोस्रो बक्ताले बोल्ने र तुरून्तै पहिलो बक्ताको पालो नदिइ तेस्रो वक्ताले त्यसको प्रतिक्रिया जनाउने शब्द चाहिँ अवरोध हो । पहिलो बक्ता बोलिरहँदा तेस्रो बक्ताले खप्टेर बोल्ने प्रथालाई अवरोध प्रतिक्रिया जनाइन्छ । सिमरको वाक्य सापट लिँदा तलको उदाहरणले के बताउँछ भने

**महिला:** १९८४ को विषयमा मलाई के लाग्छ भने तिमीले विजन छर्दा या जेसुकै.. र यसको कहिँकतै स्याहार नगर्दा यदि...

**पुरूष:** आ... यो अलिक फरक जस्तो लाग्छ ।

यसप्रकारका खप्टाइ उही लिङ्गका वार्ताकारसँग धेरै पटक उम्, उस, आ जस्ता रूकावटी शब्दको प्रयोग गरेर बोल्ने गरिन्छ जसमा एउटा बक्ताले कुरा सक्न पाएको हुँदैन अर्कोले त्यसको परिपूर्ति आधा मात्रै गर्दछ फेरि तेस्रोले पहिलेलाई बोल्न नदिइ तेस्रोले कुरा सिद्धाउँछ । एउटाको खप्टाइ, अर्कोको अवरोध उही लिङ्गीय वार्तामा अत्यधिक हुने गर्दछ । यसो गर्दा वार्तामा अवरोध र अनियमितता पनि उतिकै मात्रामा भइरहेको हुन्छ ।

महिलाको तुलनामा पुरुष जातिले बोल्दा अवरोध र खप्टाइ प्रक्रियामा अलिक बढी समय लगाउने गर्दछन् यसको अर्थ के हो भने कि त उनीहरूमा रूचिको कमी या विषयवस्तुमा ज्ञान कमी मध्ये दुईमध्ये एक हुनुपर्दछ । तर यसको सट्टा महिलामा बोल्ने प्रक्रिया निरन्तर हुने गर्दछ र पुरुषको तुलनामा खप्टाइ र अवरोध कम हुने गर्दछ । भाषिक क्रियाकलापमा महिला र पुरुषको बीचमा हुने वार्तालापको कुरा गर्दा कुनै शीर्षकमा बोल्दा जहिले पनि पुरूषले महिलालाई प्रभुत्वपूर्ण भाषाको प्रयोग गरिहेका हुन्छन् ।

उदाहरणका लागि कुनै दुई विद्यार्थी मिश्रित लिङ्गका बीच कुराको प्रसङ्ग उठाउँदा पुरुषलाई भन्न दियो भने तिमीले अलि जान्दिनौ कुरा यसो हो, यसमाचाहिँ यसो थप्नु या गर्नु पर्छ भनेर महिलालाई प्रभुत्वपूर्ण र महिला त हो भनेर पुरुषत्व जमाएर बोल्दछ, तर महिलाले चाहिँ रूकावटी शब्दको कम बोली प्रयोग गरेर त्यसको प्रतिक्रिया जनाएर उत्तर दिने गर्दछिन् । जसलाई भाषिक क्षेत्रमा language of dominance भनिन्छ ।

घरेलु भाषिक वार्तालापको सन्दर्भमा पुरुषले महिलालाई विना रोकाटी शब्दको प्रयोग अह, उ, अम जस्ता शब्दावली प्रयोग नगरी आफ्ना परिवारको सदस्यहरूलाई होच्याएर त्यसतै खालका यो गर त्यो गर भनी प्रभुत्वपूर्ण शब्द प्रयोग गरी बोल्ने गर्दछन् भने महिला पनि प्रत्युत्तरमा कम र सकेसम्म छोटा शब्दको प्रयोग गरिरहेका हुन्छन् । नेपाली समाज, परिवारमा यो कुरा अति व्याप्त र व्यापकता पाइन्छ ।

## लैङ्गिक संवाद शैली

यस शीर्षक अन्तर्गत शब्दशैली, न्यूनत्तम प्रतिक्रिया, पुच्छ्रे प्रश्नहरू, साधारण प्रश्नहरू, कमाण्ड र निर्देशनात्मक, कसम र निषिद्ध शब्द र परिपूरक जस्ता शब्दहरूको बोलचालमा प्रयोग कसरी हुन्छ भन्ने विषयहरू नै प्रमुख हुन् । तलका उपशीर्षकमा यसबारे संक्षिप्तता दिइएको छ ।

### *शब्दशैली*

हाम्रो समाजमा महिलाहरू पुरुषको तुलनामा अत्यधिक कुरा काट्ने हुन्छन् । तर वास्तव मै अनुसन्धान गर्ने हो भने उनीहरूमा त्यसप्रकारको व्यवहार कमै पाइन्छ । कुनै पनि मिटिङ, गोष्ठि इत्यादिमा हेर्नै हो भने पुरुषहरू नै एकदमै औचित्यहिन शीर्षकमा कुरा गर्न खप्पिस हुन्छन् (इयकिन्स एन्ड इयकिन्स, १९७८) टेलिभिजन बहस ( बर्नाड, १९७२) लोग्ने स्वास्नी बहस ( सोसकिन एन्ड जोन, १९६३), महिला विषयमा कुरा गर्न लगाउने हो भने त कति हो कति बहस पुरुषले निकाल्न सक्छन् । अभ महिला पुरुष बहस गराउने हो भने महिला माथि प्रभुत्व जनाउने शब्दावली प्रयोग गर्न कुनै हिच्किचाहट नै गर्दैनन् । यो पुरुषहरूको पैतृक अधिकार नै हो जस्तो गरेर बोल्न सक्छन् । लैङ्गिक मैत्री भाषाको प्रयोगको त कुरै छाडौं ।

**फत्फते** शब्दको कुरा गरौं न यो प्राय महिलाजगतलाई अत्यधिक प्रयोग गरिने शब्द हो हाम्रो समाजमा । यसमा दुई प्रमुखता अड्केका छन् एक त **शब्दशैली अर्को तुच्छता** । शब्दको ज्यादै प्रयोग र अनावश्यक भयो भने त्यसलाई यी दुई शब्द प्रयोग महिलामाथि नै थुपारिन्छ । अझ बच्चा पाउने, हुर्काउने, स्कुल पठाउने, भात पकाउने व्यैक्तिक सम्बन्ध आदि शब्द, शब्दावलीलाई तुच्छताको उपनाम दिइन्छ भने राजनीति, खेलकूद, कार, बस, व्यापार जस्ता शब्द शब्दावलीलाई अत्यन्त ओजनदार शीर्षकका नामले हाम्रो समाजमा लिने गरिन्छ । यी सबै शब्दशैलीले सामाजिक मूल्य मान्यतालाई आत्मसात गरेको पाइन्छ । किनकि पुरुष समाजमा उत्तम र महिला न्यूनताको शिकार परम्परादेखि हुँदै आएको छ ।

कुनै पनि शब्दशैलीको प्रयोग महिलाले उचित समयमा छोटो प्रतिक्रिया दिएर जनाउने गर्दछन् भने पुरुषले श्रमको विभाजन गरेर महिला पुरुषको छनोटलाई प्राथमिकता प्रदान गरि बोल्ने मात्र गर्दैनन् वर्चश्व पनि कायम गर्न खोज्दछन् ।

### *हेजिङ*

महिलाको बोलीलाई प्रायः न्युनप्रकारको र **अन्दाजीपनको** संज्ञा दिइन्छ । यसको मतलब उनीहरूको भाषिक क्षमता हेजिङ मात्राको छ, या हो भन्ने बुझिन्छ । हेजिङ बोलीमा प्राय बक्ताले अनिश्चय, या निश्चयपनलाई प्रयोग गरी बोल्ने या लेख्ने गर्दछन् । यसमा मेरो विचारमा, मलाई लाग्दछ, याद छ तिमीलाई, एक प्रकारको, शायद जस्ता पूर्णतया अनिश्चयवाचक शब्दावलीको प्रयोग दुवै लेखाइ र बोलाइमा प्रयोग गरिन्छ । रविन ल्याकोफको विचारमा महिलाले अत्यधिक हेजिङ शब्दावलीको प्रयोग गर्दछन् । मेरो विचारमा भन्ने बाक्यांस महिला तथा पुरुषले अधिकांस रूपमा प्रयोग गरिरहेका हुन्छन् ।

### *पुच्छे प्रश्न*

अङ्ग्रेजी भाषाका वक्ताहरूले यसप्रकारका प्रश्नहरू अत्यधिक प्रयोग गर्ने गर्दछन् अझ त्यसमाथि पनि महिला वक्ताहरूले **isn't it ?** भन्ने पुच्छे प्रश्नको अति धेरै प्रयोग गर्ने गरेको कुरा ल्याकोफ (१९७५) को अनुसन्धानमा आधारित रहेको छ । नेपाली भाषामा पनि कि हैन भन्ने वाक्यांश प्राय सबैले पुरुष तथा महिलाले गरिरहेकै हुन्छन् । उनको भाषामा यस प्रकारको पुच्छे प्रश्नहरूमा दावाको शक्ति ज्यादै कमी रहेको पाइन्छ । सिग्लर एन्ड सिग्लर( १९७६) कजेजका विद्यार्थीको बीचमा गरिएको अनुसन्धानमा पुच्छे प्रश्नको सेट तयार गरि अनुसन्धान गर्दा महिलाहरूले यसप्रकारका वाक्यको प्रयोग पुरुषको तुलनामा बढी नै प्रयोग गरेको पाइयो । यसमा पनि पुरुषले प्रयोग गर्ने पुच्छे प्रश्न अधिक शक्तिशाली र महिलाले प्रयोग गर्ने कम शक्तिशालीका रूपमा लिने गरिन्छ ।

### *प्रश्नहरू*

फिसम्यान ( १९८०) का अनुसार प्रश्नहरूको वातचितमा You Know भन्ने प्रश्नको विश्लेषण गर्दा पुरुषले भन्दा महिलाले ज्यादा प्रयोग गरेको पाइयो । यस्तै हो/होइन भन्ने प्रश्नमा पनि महिलाहरू नै अगाडि देखिए । प्रश्नोत्तर कार्यमा जहिले पनि प्रश्न सोध्दा उत्तरको अपेक्षा गरिएको हुन्छ र कि त हो कि त

होइन भन्ने उत्तरको आशा गरिएको हुन्छ । प्रायजसो उपन्यास, कथा, नाटक आदिमा महिलाहरूले बढी प्रश्न सोध्ने गरेका हुन्छन् । यस्तै एउटा अङ्ग्रेजी नाटक **वर्थ डे पार्टी नाटक**मा ह्यारोल्ड पिन्टरले यसै कुरालाई जोड दिँदै एउटा संवाद लेखेका छन् ।

मेघले पेतेलाई एक थाल कर्नफ्लेक (मकै) दिन्छिन् । ऊ टेबलको छेउमा बस्छ र कागजको सहारा लिन्छ र खान सुरू गर्छ

मेघः के यी मीठा छन् ?

पेतेः एकदमै

मेघः मेरो बिचारमा यी राम्रै छन् होला । कागज छ त ?

पेतेः अँ

मेघः के त्यो राम्रो छ ?

पेतेः नराम्रो छैन् भन्दा पनि हुन्छ ।

मेघः मतलब ?

पेतेः कुरा नगरौं ।

माथिको नाटकको एउटा अंशमा महिला र पुरुषका बीचमा कुराकानी हुँदा महिलाद्धारा कति पटक प्रश्न तेर्साइन् भन्ने कुरा स्पष्ट हुन्छ । महिलाले प्रश्नहरू ज्यादा नै गर्दछन् भन्ने कुरा विभिन्न अनुसन्धानबाट थाह पाउन सकिन्छ । प्रश्नले अर्को वक्ताले के भन्छ भनेर नियन्त्रण गर्दछ । के भन्छ भन्ने कुरा वक्ताको उत्तर मा भर पर्दछ । शक्तिशाली या प्रभावशाली वक्ताले बहुसङ्ख्यक प्रश्नहरू खडा गर्दछन् । वार्तालाप विश्लेषण गर्दा प्रश्नहरूको सङ्गालोको आधारमा नै भाषिक लैङ्गिकताको अध्ययन गरिन्छ ।

***निर्देशनात्मक आदेशहरू***

हामीले आादेश दिँदा कुनै पनि कुराको छिटो र छरितो ढङ्गबाट काम होस् भन्नका लागि आदेश या निर्देश दिने गरिन्छ । महिला र पुरुषमा हुने यसप्रकारका आदेशहरू भिन्न हुने गर्दछन् ।

ए सीता तिमीले बाटो छोड त ?

ए केटा छोड् ?

यहाँ केटा र केटीका लागि फरक ढङ्गले आदेश दिइएको छ । केटाका लागि एकदमै अनौपचरिक र केटीका लागि नरम । यस्ता संवाद हाम्रो पारिवारिक पृष्ठभूमिबाट सदीऔं पहिलादेखि व्यवहारमा पुरुष वर्गले महिलामाथि र पुरुषमाथि नै थोपार्दै परम्परा बसेको हो ।

***कसम खाने र निषिद्ध भाषा (Swearing and Taboo Language)***

महिला र पुरुषका बीचमा गरिने कुराकानीको संवादमा पुरूषले महिलाले भन्दा कम कसम खाएर कुरा गर्ने गर्दछन् । ***अरे यार, कसम, बुद्धि नास, गाई खाने*** जस्ता कसम शब्दहरू कुनै कुरामा विश्वास

दिलाउन र यो भरपर्दो हो है भन्ने कामको लागि प्रयोग पुरुषहरूले प्राय: गर्ने गर्दछन् । प्राय समउमेरका पुरुषहरूका बीचमा कुराकानी संवाद गरिँदा अपशब्दको भाषा बोलिने गरिन्छ । अझ अङ्ग्रेजी भाषामा विभिन्न स्लाङ भाषा( अपशब्द )को प्रयोग गरिन्छ । विभिन्न नाम उपनामले पुकारिन्छ, गोठाले भाषा, अफ्रिकन कालाहरू भाषा, गोरे भाषा, गे (समलिङ्गी पुरुष भाषा) लेस्वियन (समलैङ्गिक स्त्री भाषा) इत्यादि ।

***पूरकीय भाषा***

नेपाली भाषा बोल्नेहरू प्राय: पूरकीय भाषाको प्रयोग गर्नै जान्दैनन् । तर केही पश्चिमा भाषा र हिन्दी, उर्दू भाषा, अङ्ग्रेजी भाषाको देखासिखीले गर्दा पूरकीय भाषाको प्रगोग सहरीया वातावरणमा मात्र बोल्ने गरिन्छ । जस्तो केही कुरा सहयोग गरे भने धन्यवाद, म आभारी छु, अति सहयोगि इत्यादि । अङ्ग्रेजी भाषा बोलिने देशहरूका मानिसहरू महिलाहरूले अत्यधिक पूरकीय भाषा बोल्ने गरिन्छ । उदाहरणका लागि

**केटा:** अँ कति राम्रो छ यो सामान तिमीले दिएको ?

**केटी :** थ्याङ्क्यु भेरी मच ... नाइस, व्युटिफुल इत्यादि ।

पूरकीय भाषा खासगरि सकारात्मक, नकारात्मक दुवै तरिकाले बोलिन्छ । तर यसको अपवाद नेपालीमा अन्य भाषामा जस्तो पूरकीय शब्द, शब्दावलीहरू नगण्यमात्रामा रहेका छन् । धन्यवाद, राम्रो जस्ता केही छन् तर नेपाली जनजिब्रोमा यसको उपयोग गर्ने वातावरण नै सिर्जना भएको छैन् । यद्यपि केही विदेशी भाषाका सम्पर्कमा आएका व्यक्तिहरूले हिन्दी शब्दको प्रयोग गर्दछन् । पुरुषहरूको हकमा धेरै कमले मात्रा पूरकीय शब्द प्रयोग गर्दछन् भने महिलाहरूले अधिकांश रूपमा प्रयोग गर्न खोज्दछन् । निषिद्ध शब्दको भने पुरुषहरू तुरून्त प्रयोग गरिहाल्छन् ।

**तेरिमा साले गधा** के गरेको :? यस्ता कैयन् नेपाली निषिद्ध शब्दहरू छन् जुन समाजमा सम उमेरका मानिसहरू युवाहरू खासगरि प्रयोग गरिरहेका हुन्छन् । जुन सामाजिक वातावरणमा समाजलाई अपाच्य पनि हुन सक्दछ । अन्य भाषाहरूमा पनि यस्ता कैयन् शब्दहरू जसले निषिद्धताको वातावरण सिर्जना गर्न सक्दछ युवा, युवतिहरू एकदमै प्रयोग गरिरहेका हुन्छन् । सैनिक र प्रहरी सेवाका अधिकांश मानिसहरू हरबखत यसप्रकारका शब्द, शब्दावली प्रयोग गरिरहेका हुन्छन् । मुजि, साले, गधा, भाते, जस्ता शब्दहरू सो संगठनमा विशेष रूपमा प्रचलित हुन्छन् ।

***नरम भाषा***

लोकभाषामा जब संगीतको कुरा आउँछ त्यसबखत पुरुषहरू विवाह, यौन, माया, पिरती आदिको कुरा गर्दा कठोर र प्रत्यक्ष गीतका फाँकीहरू व्यक्त गरिरहेका हुन्छन् तर यसको सट्टामा महिलाहरू नरम र मिठासयुक्त भाषाको प्रयोग गरेका हुन्छन् । कुनै पनि सामाजिक परिस्थितिमा अध्ययन गर्ने हो भने महिला पुरुषको तुलनामा अत्यधिक नरम र मिठास शब्द प्रयोग गरी लोकव्यवहार गरिरहेका हुन्छन् तर पुरुष

अनियमितताको प्रयोग बढी नै गरेको पाइनछ । अङ्ग्रेजी भाषामा सकारात्मक र नकारात्मक हेजिङ शब्दावलीको एकदमै बढी प्रयोग हुने गरेको छ भने नेपालीमा चाहिँ ***मेरो बिचारमा, मलाई लाग्छ कि, कल्पना गर्नुस् , मिसालका लागि*** जस्ता आगुन्तक शब्दावली पनि कहिलेकाहीँ प्रयोग भइरहेको पाइन्छ । प्राय: भारतीय सेना या भारतमा काम गरेर फर्केका मानिसहरूमा आगन्तुक शब्दको प्रयोग भइरहेको हुनछ । अच्छा, लेकिन, साला पहाडमा जस्ता हिन्दी शब्द पनि नरम भाषाका केही दृष्टान्तहरूका रूपमा लिन सकिन्छ । हाम्रा गाउँघरतिर यी शब्दहरूको विशेष प्रयोग भइरहेको हुन्छ ।

## शक्तिशाली र शक्तिहिन भाषाहरू

समाजमा उँचो र निचो जातजातिका मानिसहरूको सामाजिक विभाजन हुन्छ । सो विभाजनमा नेपाली समाज ज्यादै प्रभावित भएको छ जनजाति, आदिवासी त्यसका शिकार भइरहेका हुन्छन् । समाजमा उँचो जातिका माजिसहरूको भाषा ज्यादै शक्तिशाली रूपमा प्रचलित भैरहको हुन्छ । शक्तिहिन भाषाहरूमा भाषिक विशेषता केही न केही भएका हुन्छन् जस्तो पुच्छे् प्रश्न, रूकावट, अस्वीकरण, हेजज, नम्रता, इत्यादिले बनेका हुन्छन, शक्तिशाली भाषामा यी कुराहरूको अनुपस्थिति रहेको हुन्छ । ल्याकोफले गरेको अनुसन्धानमा शक्तिहिन भाषा भनेको महिला भाषा हो जसमा पुरुषभन्दा महिलाको भाषा कमजोर हुन्छ । महिलामाथिको सामाजिक विभेदीकरण र समाजमा महिलालाई दिइने कम अधिकार नै प्रमुख कारक तत्व मानिन्छ ।

बक्ताको धारणामाथि शक्तिहिन भाषाको बारेमा धेरै कम अनुसन्धान कार्य भएका छन् । कार्ली ( १९९०) द्धारा गरिएको एक अध्ययनको अनुसन्धानमा के उल्लेख गरिएको छ भने महिलाले महिलामाथि वोल्दा शक्तिशाली र महिलाले पुरुषमाथि बोलदा शक्तिहिन भाषाको प्रयोग गरेका हुन्छन् । भाषाले एकदमै ठूलो भूमिका खेलेको हुन्छ चाहे त्यो शक्तिशाली या शक्तिहिन भाषाको प्रयोग किन नहोस् । विभिन्न मानिसहरूको अन्तरक्रिया हुँदा शक्तिशाली वक्ताले शक्तिशाली भाषाको प्रयोग गरेको हुन्छ । यसमा शक्तिको सम्बन्ध रेहको हुनछ । बक्ताका बीचमा कति शक्तिको बाँडफाँड भएको छ भन्ने कुरा उनीहरूले भाषाको प्रयोग कसरी गरिरहेका हुन्छन् भन्ने कुराको ज्ञात हुनु जरूरी हुन्छ । संसारभर विभिन्न भाषाविदले भाषामा कति शक्ति हुन्छ भन्ने कुराको गहन अध्ययन गरिरहेका हुन्छन् । मौखिक संवाद र सामाजिक प्रभावका बिचमा हुने सम्बन्धको नियालेर हेर्दा भाषाविद्ले दुई फरक कुराको चुरो फेला पारे ; एक शक्तिशाली र अर्को शक्तिहिन ।

शक्तिशाली भाषामा सिधा र स्पष्ट कुरा ब्यक्त गरिएको हुन्छ भने कुनै प्रकारका प्रभावहिन सङ्केतको उपयोग गरिएको हुँदैन् । मनाउने, चिप्ला कुरा दुईधारे शब्दहरूको चयन गरिएको हुँदैन् ।

## महिला महिला बीच हुने संवाद

सबै प्रकारका महिलाहरू गफ गर्न मस्त भएका हुन्छन् यदि समय पाए र दुईजना मात्र पनि भेट भए भने । मौखिक संस्कृतिका रूपमा महिलाको गफलाई लिन सकिन्छ (डेबोरा, १९८०) जसलाई जमिनी सीमा नै भनिन्छ किनकि महिला कुनै सामाजिक परिवेश पाएमा महिला महिलामा संवाद चर्कोरूपमा भइनै

हाल्छ । गफलाई जोन्स (१९८०) स्वीकार गर्नुहुन्छ कि या महिलाको विशुद्ध भाषा हो । यसमा घरेलु, सहसम्बन्ध या नितान्त व्यक्तिगत शीर्षकभित्र रहेर गफ हाँकिरहेका हुन्छन् भन्दा कुनै फरक नपर्ला । यसको अलावा पुरूषको गफलाई गम्भीर र शीर्षकभित्रको कुराकानीका रूपमा लिन सकिन्छ । मुख्यतया आमा, श्रीमती, घरकी काम गर्ने आदिका रूपमा सकेसम्म बच्चा र आफ्नो श्रीमानको कुरा काट्न खप्पिस हुन्छन् ।

एर्भिन ट्रिपको संयुक्त अध्ययन ( १९७२) ले के कुराको निष्कर्ष निकालेको छ भने पुरुषले पुरुषकोकुरा काटेको प्रायः कमै हुन्छ तर महिलाले महिलामाथि सकेसम्म कुरा गरिनै रहेका हुन्छन् । पुरुषले अन्तरक्रियात्मक शैलीको कुरा गर्न रूचाउँछन् भने महिलाचाहिँ एकता, सहयोग आदिको विषयमा ज्यादातर कुरा गर्न तम्सिएका हुन्छन् ।

टबस (२०१२) ले महिला बोली र पुरुष बोलीमा भिन्नता देखाएका छन् । महिलाले विशेषतः भावानात्मक, अस्पष्ट, मिलनसार, विनम्रता, मित्रवत् , सम्बन्ध केन्द्रित आदि झल्काउने भाषा, विचारयुक्त र विस्तारैविषय सार्दै आदि आदि शब्दको छनोट गरिगरि बोल्छन् भने पुरुष भाषा विल्कुलै फरक शैलीमा बोल्ने गरिन्छ । पुरुषहरू तर्कयुक्त, नियन्त्रित/प्रभावशाली, प्रतिस्पर्धी, सोझो, विरोधपूर्ण भाषाको प्रयोग सकेसम्म प्रयोगमा ल्याउँछन् भन्ने तर्क प्रस्तुत गर्नुभएको छ ।

***लैङ्गिकतामा मनोवैज्ञानिक अन्तर***

पुरुष महिलाका बीचमा अरूलाई प्रभाव जमाउन प्रयोग गरिने क्रियाकलापमा मनौवैज्ञानिक अन्तर रहेको पाइएको छ । प्राज्ञिक अनुसन्धानमा मुख्य रूपमा संवाद संवाद बीचको चारित्रिक रूपमा र विशेषताहरूमा अवलोकन गरिनछ भने लोकप्रिय अनुसन्धानमा भने संवादशैलीमा हेरिन्छ । त्यस्तै कार्यक्षेत्र, श्रमक्षेत्र आदिमा व्यवहारिक शैलीमा हेरिन्छ कसरी श्रमिकहरू एकअर्कामा संवाद गरिरहेका हुन्छन । महिलाहरू खुला, अनुमानयुक्त र नरम भाषाको प्रयोग पारस्परिक सम्बन्ध जोडन प्रयोग गरिरहेका हुन्छन भने पुरुषहरू मपाइँपन र शक्तिका भोकरूपमा प्रस्तुत हुन्छन् (बासो एन्ड रुबेनफिल्ड,२००३) ।

## निष्कर्ष

संवादशील दक्षताको अध्ययन गर्दा महिला पुरुषका बीचहुने संवाद शैली के कस्तो छ भन्ने कुरा उनीहरूका विशिष्ट क्षेत्रसँग सम्बन्धित हुने गर्दछन् । महिला पुरुषबिच राजनीति, धर्म, संचार, व्यापार, खेलकुद आदिमा हुने कुराको भाषिक अन्तर नै हो । हामी अहिलेको विश्वमा पुरुष र महिलाको परिवर्तनशील विषयसँग सम्बन्धित भएर ज्यादै कठीन स्थितिमा पुगेको आभास गरिरहेका छौं । पुरुषले स्वभवतः महिलालाई आफू प्रभावशाली हुँ भन्ने शैलीमा आफ्नो संवादलाई जहिले पनि अगाडि पारिरहेको पाइयो । महिलालाई सामान्य र कामनलाग्ने दृष्टिकोणमा राखेको पाइएको छ । पूर्वीय या पश्चिमी सभ्यतामा पनि यसको प्रयोग भैरहेको नै पाइएको छ । संवादलाई आफ्नोपन देखाउन खप्पीस हुन्छन् तर यसको विपरीत महिला पुरूष महिलाका बीच सम्बन्ध विकासको कुरा गरिरहेका हुन्छन् ।

अवाचिक संवाद (Non-Verbal) प्रतिक्रिया दिँदा केही यस्ता क्रियाकलापलाई हेरिन्छ कि अनुहार, पराभाषा (Paralanguage), भौतिक स्थान,स्पर्श, दृष्टि आदिको सम्बन्धमा पनि पुरुष र महिलाका

बीच भिन्नभिन्न शैली रहेको पाइएको छ । पुरुषले महिलाले बोल्ने भाषालाई तुच्छ र कामनलाग्ने भाषाका रूपमा व्याख्या गरिरहेका हुन्छन् भने महिला आफूलाई शालीनताको प्रतिक ठानेर कुरा गरिरहेका पाइयो ।

संवादशील क्षमता अभिवृद्धिको दृष्टिकोणबाट हेर्दा लैङ्गिकता र भाषा एक अर्कामा परिपूरक छन् । समष्टीमा हेर्दा यो लेखबाट महिलामाथि पुरुषको प्रभाव रणनीतमा आधारितको दृष्टिले हेरिएको छ यसमा पुरुष व्यक्तिगत निवेदन, सल्लाह, मपाइँपन, र प्रेरणात्मक निवेदन शैलीमा व्यक्त गरिएका हुन्छन् भने महिला हौसलायुक्त, प्रेरणात्मक र अन्य पुरुषीय व्यक्तित्वसँग सम्बन्ध राख्ने स्वभावःका कुरा गरिरहेका हुन्छन् । प्रस्तुत लेख गुणात्मक शैलीमा लेखिएकोले लैङ्गिकताको भाषिक अन्तरमा जोड दिएर लेखिएको हो ।

भिन्न भाषिक समुदायका महिला पुरुषहरूका बीचमा हुने कुराकानी, संवाद एकअर्कामा फरक र भिन्न हुनसक्दछ । महिलाले बोलिने भाषा, लोकोक्ति र सानातिना उखाने वाक्यहरू पुरुषका भन्दा भिन्न हुने गर्दछन् । नेतृत्वशैलीमा पनि संवाद भिन्न हुने कुरामा कुनै दुविधा छैन् । यसमा पनि पुरुष अग्रपंक्तिमा नै रहेको पाइएको छ । महिला यस अवस्थामा Take Care का रूपमा लिने गरिएको छ । प्रस्तुत लेखको अन्त्यमा पुरुषको संवादशील क्षमता महिलाकाो तुलनामा अधिक पितृसत्तात्मक र ओजश्वी रहेको पाइएको छ । विभिन्न पुस्तक, पत्रपत्रिका र जर्नलहरूको अध्ययनबाट यो कुराको निष्कर्ष निकालिइएको हो ।

## सन्दर्भसूची

इरभिन ट्रिप, सुजान (१९७२) *एन एनालाइसिस अफ द इन्टरयाक्सन अफ ल्याङग्वेज,* मुतो,हेग ।

इयकिन्स, बार्बरा डब्ल्यु एन्ड इयकिन्स आर जीन ( १९७८), *डिफरेनस इन ह्युमन कम्युनिकेशन,* हुग्टन मिफलिन कम्पनी, बोस्टन ।

जोन्स, डेबोराह,(१९८०), *गसिपः नोटस् अन वुमनस् ओरल कल्चर,* पृ. १९३–८, अक्सफोर्ड ।

ब्लांकेनसीप एल केल्भिन एन्ड थोमस होल्सग्रेभ, (२००१), *मार्करस् अफ लिङगिस्टिक पावरलेसनेस इन परसुएशन,* पर्दु एन्ड बलस्टेट युनिभरसिटी युएसए ।

श्रेष्ठ, चन्द्रमान (२०७६), उर्गेनको घोडा उपन्यासमा सीमान्तीयता, प्रज्ञा, ११८, अंक २ साउन–भदा

स्याकस, हार्भे, स्किगलोफ,इमानुयल ए. एन्ड जेफरशन, गेल *(१९७४), ए सिम्प्लेस्ट सिस्टमेटिकस फर द अर्गनाइजेसन अफ टर्न टेकिङ फर कन्भर्सेसन्स,* ल्याङग्वेज ५० : ६९७–७३५ ।

हाइम्स, डेल( १९७२), *अन कम्युनिकेटिभ कम्पिटेन्स्,* पृ २६९ , पेन्गुइनस बुक्स,हार्मोन्सवर्थ । बर्नाड, जेस्सी ( १९७२), *द सेक्स गेम* एथनीयम, न्युयोर्क ।

सोस्किन, विलियम एन्ड जोन, भेरा( १९६३), द स्टडी अफ स्पोन्टेनियस टक , इन वर्कर, आर(सम्पा.) द *स्टिम अफ बिहेभियर,* एप्पलटन सेन्च्युरी क्रफटस, न्युयोर्क ।

सिग्लर डाभिड एन्ड सिग्लर रोर्बट (१९७६), *स्टेरीओटाइपस अफ मेल्स एन्ड फिमेल्स स्पीच,* साइकोलोजीकल रिपोर्टस ३९: १६७-७० ।

सिमरम्यान, डोन एन्ड वेस्ट, क्याडेस (१९७५) सेक्स रोल्स, इनटरूपसन्स एन्ड साइलेनसेस इन कन्भरसेशन, पृष्ठ १०५ इन थोर्न, ब्यारी एन्ड हेन्ले, न्यान्सी ( इडि*) ल्याङ्वेजेज एन्ड सेक्स: डिफरेन्स एन्ड डोमिनेन्स ,* न्युव्यरी हाउस, रोले, म्यासाच्युटस् ।

Bass, B.M. & Avolio, B.J., (1994). *Improving organizational effectiveness through transformational leadership.* Thousand Oaks, CA: Sage.

Carli, Linda( 1990) https://sites.psu.edu/linguistics448

Geddes, D. (1992). Sex roles in management: The impact of varying power of speech style on union members'. *Journal of Psychology*, *126*(6), 589.

Guerra Irene, Elizabeth (2015) *TALKING OR TYPING? GENDER DIFFERENCES IN COMMUNICATION PATTERNS OF FACE TO FACE VERSUS ONLINE COURSESMASTER OF ARTS* .An Unpublished Thesis, Faculty of the Graduate and Professional Studies in Education, Californa State University, Sacramento, USA.

Ludmila A. Auhadeeva , Iskander E. Yarmakeev & Aver E. Aukhadeev (2014) Online Published: January 27, 2015 doi:10.5539/ies.v8n2p32 *URL: http://dx.doi.org/ 10.5539/ies.v8n2p32*

Kiessling,Claudia and Götz Fabry (2021). *What is communicative competence and how can it be acquired¿* Published online doi: 10.3205/zma001445

Tubbs, L. S. (2012). A Systems Approach to SMALL GROUP INTERACTION. (11th Ed.)New York, NY: McGraw-Hill.